# नेपाल सरकार र राष्ट्रिय वादी अधिकार संघर्ष समिति बीच भएको सहमति

## २०६४ आश्विन १५ र २७ गते भएका छलफलको आधारमा २८ गते सम्पन्न सहमति

सरकारी वार्ताटोली र राष्ट्रिय वादी अधिकार संघर्ष समितिका बीच विभिन्न चरणमा भएका वार्तामा छलफल तथा निष्कर्ष समेतलाई ध्यानमा राखी आज मिति २०६४ साल आश्विन २८ गते दुवै पक्षहरुबीच शान्ति तथा पुनर्निमाण मन्त्रालयमा भएको बैठकमा देहाय बमोजिम सहमति भयो :

१. २०६४ साल आश्विन १५ गते दुबै पक्षबीच भएको सहमति बमोजिम गठित सचिवस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई सैद्धान्तिक सहमति प्रदान गर्ने । वादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने शब्दहरु भाँड, वदेनी, पातर आदि शब्दहरुको प्रयोगमा तुरुन्त रोक लगाउने र देशभरिका वादी समुदायहरुलाई नागरिकता दिने व्यवस्था तत्काल मिलाउने ।

२. उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिम वादी समुदायका बालबालिकालाई छात्रवृति उपलब्ध गराउने समेतका विषयहरुलाई बुंदागत रुपमा कार्यान्वयन गराउन नेपाल सरकारले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतको संयोजकत्वमा गृह मन्त्रालय, स्थानीइ विकास मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकृत स्तरका प्रतिनिधिहरुको साथै वादी समुदायका एकजना महिला सहित दुइजना प्रतिनिधिहरु समेत सम्मिलित एक अध्ययन कार्यदल नेपाल सरकारले तत्काल गठन गर्ने ।

उक्त कार्यदलले ६ महिनाभित्र सम्पूर्ण अध्ययन पूरा गरी सहमति कार्यान्वयन गराउनेछ ।

| | |
|---|---|
| .................... | .......................... |
| उमादेवी वादी | रामचन्द्र पौडेल |
| संयोजक | संयोजक |
| राष्ट्रिय वादी अधिकार संघर्ष समितिको वार्ताटोली | सरकारी वार्ताटोली |